स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड १) बड्डाँडा प्यूठान ,असार २६ गते ,२०७५ साल (संख्या १०

**सरुमारानी गाउँ कार्यपालिकाले बनाएको तल उल्लेखित नियमावली स्थानीय सरकार सञ्चालन एन, २०७४ को दपफा १०२ को उप दपफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गरिएको छ ।**

**सम्वत् २०७४ सालको नियम नं. १०**

# दिर्घरोगी तथा बिपन्न नागरीक उपचार सहयोग कोष परिचालन कार्यबिधि २०७४

यस सरुमारानी गाउँपालिका भित्र बसोबास गर्ने दिर्घरोगी नागरिकहरुलाई औषधि उपचार वापत आर्थिक सहायता उपलव्ध गराउन यस सरुमारानी गाउँपालिकाको आ.व. २०७४/०७५ को गाउँ सभाको निर्णय अनुसार यस गाउँपालिकामा एउटा दिर्घरोग स्वास्थ कोष स्थापना गरी रु.पाँच लाख बजेट विनियोजन गरीएको छ सो कोषको बजेट व्यवस्थापन गर्नका लागि दिर्घ रोग स्वास्थ कोष व्यवस्थापन कार्यविधि २०७४ पारित गरी लागू गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यबिधि निर्देशिकाको नाम "दिर्घरोगी स्वास्थ कोष कार्यविधि  २०७४" हो ।

(ख) यो कार्यबिधि आ.व.२०७४।०७५ मा लागू  हुनेछ ।

**२. परिभाषा**

बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) "अस्पताल" भन्नाले नेपाल सरकारको स्वामित्वमा संचालन भएका सरकारी अस्पतालहरु र समय समयमा यस सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाको निर्णयबाट तोकेका अस्पतालहरु सम्झनु पर्छ ।

(ख) "दिर्घरोग" वा "दिर्घरोगी" भन्नाले मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सस, अल्जाईमर्स, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी, सल्यक्रियाद्धारा उपचार गर्नु पर्ने अन्य रोग र यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट उपाचार हुन नसक्ने तर अन्य सरकारी अस्पतालमा उपचार हुनसक्ने रोगहरु सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले यस कार्यबिधि निर्देशिका वमोजिम दिर्घरोगी तथा विपन्न नागरिकलाई दिर्घ तथा कडा रोगको उपचारका लागि आर्थिकसहयोग प्रदान गर्न यस गाउँपालिकामा रहेको "दिर्घरोगी तथा बिपन्न नागरिक उपचार सहयोग कोष" सम्झनु पर्छ ।

(घ) "कार्यबिधि निर्देशिका" भन्नाले "दिर्घरोगी स्वास्थ कोष व्यवस्थापन कार्यबिधि २०७४" सम्झनु पर्छ ।

(ङ) "अन्य रोग" भन्नाले यस गाउँपालिका अन्तर्गत संचालनमा रहेका स्वास्थ्य संस्थामा उपचार हुन नसक्ने तर अन्य सरकारी अस्पतालहरुबाट उपचार हुन सक्ने यसै गाउँपालिकाको बासिन्दा त्यस्तो रोगी सम्झनु पर्छ ।

**३.आर्थिक सहायता उपलब्ध गराउन सम्बन्धमा ः**

दिर्घरोग स्वास्थ कोषबाट आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा सम्बन्धीत वडा समितिको सिफारसि , उपचार गर्ने वा उपचार गराएको अस्पतालको प्रिस्केप्सन वा सो संग सम्बन्धीत अन्य कागजाज सम्बन्धीत व्यक्तिको नागरिकता वा नाबालक लाई जन्म दताृ प्रमाणपत्रको आधारमा गाउँकार्यपालिकाको निर्णय बमोजिम उपचार खर्च उपलब्ध गराउन सक्नेछ ।

**नोट ः अन्य रोगको हकमा रकम निर्धारण गर्ने प्रयोजनको लागि यस समितिले आवश्यक .ठानेमा विज्ञ वा सम्बन्धीत विषयको जानकार व्यक्ति संग सूझाव लिन पनि सक्नेछ ।**

**४.दिर्घरोग स्वास्थ कोषबाट सहयोग सम्बन्धी व्यवस्था ः**

१)यस कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ ।

क) सरुमारानी गाउँपालिकाबाट वार्षिक रुपमा दीर्घरोग स्वास्थ कोष्मा विनियोजन भएको रकम ।

ख) नेपाल सरकार बाट प्राप्तहुने अनुदान सहयोग ।

ग) विभिन्न सरकारी गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग ।

घ) अन्य श्रोत ।

२. कोषको सञ्चालन ः यस कोषको रकम गाउँपालिका दिर्घरोग स्वास्थ कोषको खातामा जम्मा गरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावलि २०६४ अनुसार खचृ गरिनेछ ।

३. कोषमा जम्मा भएको रकम ः यस कोषमा जम्मा भएको रकम दिर्घ रोगीहरुका सहयोगका लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाईनेछैन ।

४.लेखा परीक्षण ः यस कोषको आन्तरीक लेखा परिक्षण आ.ले.प शाखाबाट र अन्तीम लेखा परीक्षण महालेखा परिक्षकको कार्यलयबाट गरिनेछ ।

५. खाता संचालन ःयस कोषको खाता संचालन स्थानीय निकाय आर्थिक प्रशासन नियमावलि २०६४ अनुसार हुनेछ ।

**५. आभिलेख राख्नु पर्ने ः**

१.आर्थिक अभिलेख राख्ने लेखा परिक्षण गराउने र अर्थिक क्रियाकलाप संग सम्बन्धीत अभिलेख लेखा शाखा ले राख्ने छ ।

२. सिफारिस सम्बन्धी अभिलेख स्वास्थ शाखाले राख्ने छ ।

३. उपचार र आर्थिक सहायता उपलब्ध गराईएको संग सम्बन्धीत अभिलेख प्रमुख प्रशासकिय अधिकृत कक्षमा राखिनेछ ।

**६. अनुगमन तथा प्रतिवेदन सम्बन्धमा ः**

१) यो निर्देशिका अनुसार गरिएका काम कारवाहिका लागि गाउँपालिका बाट अनुगमन गरिनेछ ।

२) यो निर्देशिका अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन गाउँकार्यपालिकामा पेश गरिनेछ ।

**७.संशोधन तथा परिमार्जन सम्बन्धमा ः**

१). यस कोषलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाउँकार्यपालिका बाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

**८. खारेजी तथा बचाउ ः**

यस कार्यविधिमा व्यवस्थामा भएको कुराहरुको हकमा स्थानीय तहको शासन सञ्चालन सम्बन्धी आदेश २०७४ स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियामावलि २०६४ को नियम तथा अन्य प्रचलित कानुन संग बाझिएको हकमा बाझिएको हद सम्म खारेजी हुनेछ ।

**४.गाउँपालिका स्तरिय सिफारिस समितीः**

दिर्घरोगी तथा आर्थिक रुपले विपन्न नागरिकलाई औषधि उपचार खर्च उपलव्ध गराउने प्रयोजनका लागि सिफारिस गर्नयस गाउँपालिकामा देहायको सिफारिस समिति रहनेछ ः

(क) गाउँपालिकाको उपाध्यक्ष –अध्यक्ष

(ख)गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख –सदस्य सचिव

(ग) गाउँपालिकाको प्रशासन शाखा प्रमुख –सदस्य

**५.आर्थिक सहायता उपलब्ध गराउने समिती ः**

दफा (३) वमोजिमको आर्थिक सहायता उपलव्ध गराउने सम्वन्धमा दफा (४) वमोजिमको सिफारिश समितिको सिफारिशको आधारमा उपचार खर्च उपलव्ध गराउने सम्वन्धमा दफा (३) को आधीनमा रहि रकम निर्धारण गरी रकम उपलब्ध गराउन देहाय वमोजिम समिति गठन हुनेछ । यस समितिको वैठक कम्तीमा महिनाको एक पटक वस्नेछ ।

(क) गाउँपालिकाको अध्यक्ष – अध्यक्ष

(ख)प्रमुख प्रशासकिय अधिकृत– सदस्य सचिव

(ग)लेखा प्रमुख – सदस्य

**नोट ः अन्य रोगको हकमा रकम निर्धारण गर्ने प्रयोजनको लागी यस समितीले आवश्यक ठानेमा बिज्ञ वा सम्वन्धित बिषयको जानकार ब्यक्ती सँग सुझाव लिन वा समितीको बैठकमा आमन्त्रण गर्न पनि सक्नेछ ।**

**६.दिर्घरोगी तथा बिपन्न नागरीक उपचार सहयोग कोष सम्बन्धि ब्यवस्थाः**

दफा (३) वमोजिम आर्थिक रुपले विपन्न दिर्घरोगीहरुलाई दिईने उपचार खर्च सहयोगका लागि यस गाउँपालिकामा छुट्टै एकदिर्घरोगी तथा बिपन्न नागरीक उपचार सहयोग कोषस्थापना गरी संचालन गरिने छ । सो कोषको लागी सुरुमा रु ५ लाखको हुनेछ । सो रकम यस सरुमारानी गाउँपालिकामा प्राप्तसमानीकरण अनुदानबाट अनुदान स्वरुप उपलव्ध गराईनेछ । यदि सो भन्दा बढि रकम आवश्यक पर्ने देखीएमा गाउँकार्यपालिकाले निर्णय गरी गाउँसभाबाट अनुमोदन गराई आवश्यकता अनुसार थप रकम विनियोजिन गरी थप गर्न सकिनेछ । यो कोषमा न्यूनतम रु.१(एक) लाख मौज्दात रहनेछ । यस कोषकोलागी कुनै ब्यक्ती वा समुहले रकम उपलब्ध गराउन चाहेमा उपलब्ध गराउन सक्ने छ । यसको व्यवस्थापन दफा (५) वमोजिमको समितिले गर्नेछ ।

**७.दिर्घरोगी तथा विपन्न नागरिकले उपचार सेवा खर्च रकम लिने तरिका ः**

१) दिर्घरोगी तथा विपन्न विरामीले दफा (३) मा व्यवस्था भए वमोजिमको सहायतारकम प्राप्त गर्न यसगाउँपालिकामा स्थायी वसोवास भएको प्रमाण पत्र, वडा कार्यालयको सिफारिस रअस्पताल वा स्वास्थ्य संस्थाको बिरामी पुर्जा सहित यस गाउँपालिकाको

दफा (४) बमोजीम गठित समिती समक्षसहित निवेदन दिनु पर्नेछ । दफा ४ बमोजिमको समितिले प्राप्त निवेदन उपर छानबिन गरी दफा ५ बमोजीमको समिती समक्ष पेश गर्ने छ ,

२) उप दफा १ बमोजीम निवेदन प्राप्त भए पछि दफा (४) बमोजीम गठित समितीले उपचार सेवा खर्च रकमका लागी हप्तामा एक पटक दफा (५) बमोजीम गठित समिती समक्ष सिफारिस गर्ने छ । यसरी सिफारिस गर्दा दफा (३) बमोजिम तोकिएका दिर्घरोग तथा विपन्न नागरिकलाई मात्र सिफारिस गर्नु पर्नेछ ।

**३)** दफा (३) मा तोकिएका रोगहरुको हकमा बर्षमा एक पटक भन्दा वढी सिफारिस लिन।दिन पाईने छैन । यस्तो सिफारिसको अभिलेख यस गाउँपालिकाको स्वास्थ्य शाखाले दुरुस्त राखि मासिक रुपमा दफा (५) बमोजीम गठित समिती समक्ष प्रतिवेदन गर्नेछ ।

४) उपदफा (२) वमोजिम सिफारिस गर्दा सिफारिस समितिको निर्णय गरेर मात्र गर्नु पर्नेछ । सिफारिस नभै यो सुविधा उपलव्ध गराईने छैन ।

५) उप दफा (१) वमोजिमको सिफारिस गर्दा यस प्रयोजनका लागि तोकिएका सम्बन्धित पक्षले विरामीको माग वमोजिम दफा(३)लाई ध्यानमा राखी सिफारिस गरी पठाउनु पर्नेछ र यस्तो सिफारिसलाई सम्वन्धित समितीले अनिवार्य रुपमा ग्रहण गर्नेछ । तरगलत सिफारिस गरिएको भएमा सम्बन्धित पक्षलाई सुझब सहित सचेत गराउन वा सिफारिस परिवर्तन गर्न लगाउन वा फिर्ता पठाउन सकिनेछ । समितीले आफै परिवर्तन गर्न सकिने भइ परिवर्तन गरेमा सम्वन्धित पक्षलाई जानकारी गराउनु पर्नेछ ।

**८.सिफारिस समितीको काम, कर्तव्य तथा अधिकार ः–**

१.दिर्घरोगी तथा विपन्न नागरिकले उपचार खर्चको लागी पेश गरेको निवेदन संकलन गर्ने ।

२.तोकिएको समयमा समितिबाट निर्णय गरि “आर्थिक सहायता उपलब्ध गराउने समिती” समक्ष पेश गर्ने ।

३.सिफारिस गर्ने निकाय वा पक्षले गरेको सिफारिस,बिरामीले पेश गरेको निवेदन मिले नमिलेको, हुनुपर्ने आवश्यक कागजात भए नभएको छानबिन गरि सम्बन्धित पक्ष वा ब्यक्तीलाई जानकारी गराउने ।

४.सामान्यतया निवेदन परेको ३ (तीन) दिन भित्र आर्थिक सहायता उपलब्ध गराउने समिती समक्ष सिफारिस गर्ने । कारणवश ढिला भएमा सिफारिस पत्रमा निवेदन दिएको मिति समेत उल्लेख गर्ने ।

५.उपचार सहायताका लागि सिफारिस गरी पठाईएका विरामीहरुको विवरण अध्याबधिक गरी राख्ने ।

६.सिफारिस गर्दा पुरानो विवरण केलाई दोहोरो नपर्ने गरि मात्र सिफारिश गर्ने ।

७.सिफारिश गरिएका मध्ये के कति विरामीले उपचार सहयोग सेवा लिएनलिएको हो सोको विवरण समेत अध्यबधिक गरी राख्ने र आफु भन्दा माथिल्लो समिती वा निकायले खोजेमा जानकारि गराउने ।

८.समितीको बैठक नियमीत बसि प्राप्त निवेदनहरु छानबिन गरी सिफारिस गर्ने ।

९.आर्थिक सहायता उपलब्ध गराउने समितीको काम, कर्तव्य तथा अधिकारः–

क) दफा ६ वमोजिमको कोषबाटदोहोरो नपर्ने गरीसिफारिस समितीबाट सिफरिस भइ आएका बिरामी वा सेवाग्राहिलाई आर्थिक सहायता उपलब्ध गराउने । सेवा

पाएकासेवाग्राहिको अभिलेख राख्ने । दोहोरो सिफारिस भई आएमा आर्थिक सहायता बपतको रकम प्रवाह नगर्ने र सोको पृष्टपोषण सिफारिस समितीलाई दिने ।

(ख) आर्थिक सहायता पाएका विरामीलाइ सम्वन्धित चिकित्सक वा अस्पतालमा प्रेषण गर्ने ।

(ग) उपचार सहायता लिएका विरामीलाई चिकित्सकको सल्लाह वमोजिम औषधि वा अन्य उपचार गर्दा उपलब्ध गराईएको सहायतारकम अपुग भएमा तोकीएको हद सम्म पुन ः थप रकम उपलव्ध गराउन सक्ने ।

(घ) दफा (३) वमोजिमको सीमा भित्र रही एकजना विरामीलाई एक पटक मात्र उपचार आर्थिक सहयोग सेवा बापतको रकम दिर्घरोगी तथा बिपन्न नागरीक उपचार सहयोग कोषबाटप्रदान गर्ने ।

(ङ)तोकिएको रकम भन्दा वढी रकम एक विरामीको लागि खर्च नहुने गरी स्पष्ट अभिलेख राख्ने व्यवस्था मिलाउने ।

(च) दिर्घरोगी तथा बिपन्न नागरीक उपचार सहयोग कोषको संरक्षण परिचालन र अध्यावधिक गरी राख्ने ।

(च) चौमासिक रुपमा सेवाको विवरण र खर्च भएको रकम गाउँकार्यपालिकालाई जानकारी गराउने । कोषमा हुनुपर्ने न्यूनतम मौज्दात रकम राखिराख्न बिषेश ब्यवस्था मिलाउने ।

(ञ)आवश्यकता अनुसार समितीको बैठक बसि आर्थिक सहायता रकम सम्बन्धित पक्षलाई उपलब्ध गराउने ।

**१०.खाता संचालनः**

दिर्घरोगी तथा बिपन्न नागरीक उपचार सहयोग कोषको खाता गाउँकार्यपालिकाको निर्णय अनुसार नेपाल सरकार सँग अनुमती लिई सञ्चालनमा रहेको कुनै गाउँपालिकाको नजीक पर्ने बैंकमा खोलीने छ । सोको रकम निकासा भुक्तानीको निमित्त यस गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयूक्त दस्तखतबाट सञ्चालीत हुने छ ।

**११.अभिलेख राख्नु पर्ने ः–**

१.आर्थिक अभिलेख राख्ने लेखा परिक्षण गराउने र अर्थिक क्रियाकलाप सँग सम्बन्धि अभिलेख लेखा शाखाले राख्ने छ ।

२.सिफारिस सँग सम्बन्धित अभिलेख स्वास्थ्य शाखाले राख्ने छ ।

३.उपचार आर्थिक सहायता उपलब्ध गराईएको सँग सम्बन्धित अभिलेख प्रमुख प्रशासकिय अधिकृत कक्षमा राखीने छ ।

**१२.अनुगमन सम्बन्धि व्यवस्थाः–**

दिर्घरोगी तथा विपन्न नागरिकलाई औषधि उपचार सेवा प्रदान गर्ने कार्यको अनुगमन गर्न, यस सरुमारानी गाउँपालिकामा अन्तरगत रहेको अनुगमन तथा मूल्यांकन समिति तथा, गाउँकार्यपालिकाले आवश्यक ठानेमा अन्य ब्यक्ती वा संघ संस्थाका प्रतिनिधिहरुको एक संयन्त्र पनि बनाउन सकिने छ ।

**१३.कारवाही हुनेः–**

यस कार्यबिधि निर्देशिका विपरित कार्य गर्ने गराउने कुनै पनि ब्यक्ती समुह वा यसै कार्यबिधि बमोजीम गठित समिती, समितीका पदाधिकारी वा सदस्यहरुलाई समेत प्रचलित कानून वमोजिम कारवाही हुनेछ । सरकारी, निजी तथा गैह्र सरकारी

अस्पतालहरुले गलत बिल दिन वा सम्बन्धित ब्यक्तीले लिन हुदैन । यस्तो गरेको प्रमाणीत भएमाप्रचलित कानून वमोजिम कारवाही हुनेछ, उपलब्ध गराइने रकम दिईने छैन, दिई सकेको भएपनि रकम फिर्ता गरिनेछ साथै  त्यस्तागलत कार्य गर्ने अस्पताल वा ब्यक्तीलाई  गलत कार्य गर्ने सुचिमा राखी आगामी दिनमा त्यस्ता लाई यस्तो सहायता बापतको कुनै पनि सेवा उपलब्ध गराईने छैन ।

**१४. खारेजी र बचाउः–**

यो कार्यबिधि निर्देशिका स्वीकृत भएको मिति देखि लागू हुनेछ । साथै यो कार्यबिधि लागू भए देखि यस अघि यसै कार्यविधि अनुकुल भएका कार्यहरु यस कार्यबिधिले समेटेको हद सम्म यसैकार्यबिधिनिर्देशिका वमाजिम भएको मानिनेछ ।

**अनुसूची–१**

**(दफा ३ संग सम्वन्धित)**

**उपचार सहायता रकम उपलब्ध हुने रोगको विवरण**

यस कार्यबिधि निर्देशिकाको प्रयोजनको लागि देहायको रोगको लागि दिर्घ वा कडा रोग भन्नाले देहाय वमोजिमका रोगहरु सम्झनु पर्छ ।

१. मृगौला रोग

क. अल्पकालिन रुपमा मृगौलाले काम नगरेको (ARF)

ख. दीर्घकालिन रुपमा मृगौलाले काम नगरेको (CRF)

ग. Acute Glumerulo Nephritistis and Nephritis Syndrome भएका विरामीहरुको मृगौंला काम गर्ने छाडेपछि मात्र सेवा पाउनेछ ।

घ. मृगौला खराव भै Dialysis गर्नु पर्ने भएमा ।

ङ. मृगौला पिसावथैली, Urethra संग सम्बन्धीत Operation गर्नु पर्ने भएमा ।

१.१. मृगौला रोगका लागि पाउने सुविधाहरुः माथि उल्लेखित अवस्थाको पहिचान तथा उपचारका लागि आवश्यक पर्ने औषधि तथा सेवा शुल्कहरु ।

**२. मुटु रोगका लागि पाउने सुविधाहरु**

क. मुटुरोगको निदानका लागि आवश्यक पर्ने विशेष परीक्षणहरु जस्तै ECG,Echo cardiography,Lab tests TMT,Halter Monitoring , ABP,Angiography सवै प्रकारका शल्य चिकित्सा सुविधाहरु ।

ख. मुटु रोगको उपचारमा प्रयोग हुने औषधिहरु तथा सेवा शुल्कहरु ।

३. सवै किसिमका क्यान्सर रोगहरुः

३.१. क्यान्सर रोगका लागि पाउने सुविधाहरुः यस रोगको पहिचान तथा उपचारका लागि आवश्यक पर्ने औषधि तथा सेवा शुल्कहरु ।

४. पार्किन्सन तथा अल्जाईमर्स रोगहरुः

यी रोगहरुको पहिचान तथा उपचारका लागि आवश्यक पर्ने विभिन्न निदानात्मक परिक्षण, औषधि तथा सेवा शुल्करु ।

५. स्पाईनल ईन्जुरी तथा हेड ईन्जुरी भएका विरामी

६. अन्य रोग (आर्थिक रुपमा बिपन्न)

क.यस गाउँपालिकामा रहेका स्वास्थ्य संस्थामा उपचार हुन नसक्ने रोग भएका विरामी ।

ख.सल्यक्रियाद्धारा उपचार गर्नु पर्ने बिरामी ।

**सेवाग्राहिले सहायता रकम माग गर्दा पेश गर्नु पर्ने कागजात**

१.सरुमारानी गाउँपालिकाको सम्बन्धित वडा कार्यालयको बिपन्नता खुलेको सिफारिस पत्र ।

२.उपचार गर्ने वा उपचार गराएको अस्पतालको प्रमाणीत बिल, प्रिस्केप्सन र सो सँग सम्बन्धित अन्य कागजात ।

३.सम्बन्धित ब्यक्तीको नागरीकता वा नाबालक भए जन्मदर्ता प्रमाण पत्र ।

४.यस गाउँपालिकामा सञ्चालनमा रहेका स्वास्थ्य संस्थामा उपचार हुन नसक्ने भनि प्रेषण गरेको सम्बन्धित स्वास्थ्य संस्थाको प्रेषण पुर्जा वा सिफरिस पत्र ।

५.रु १०।– को हुलाक टिकट टाँस गरिएको सहायता रकम र कारण उल्लेख भएको निबेदन ।

६.सिफारिस समिती वा आर्थिक सहायता उपलब्ध गराउने समितीले आवश्यक ठानेका अन्य कागजात ।

**नोट ः उल्लेखीत कागजातहरु सक्कलै वा प्रतिलिपि पनि पेश गरेमा मान्य हुनेछ । तर प्रतिलिपि पेश गर्दा सक्कल प्रति पनि देखाउनु पर्ने छ ।**

**आज्ञाले,**

**शारदा रजौरे**

**प्रमुख प्रशासकीय अधिकृत**

प्रमाणीकरण मिति ः २०७४।१०।१५